# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र १ गते २०१० साल

## भाग ११

### पब्लिक वर्क्स तथा सञ्चारमन्त्रालयको विज्ञप्ति

इ. फा, १२।५।१।१ / ११८।१।१० — २६-११-०१०

सरकारी अड्डाबाट सरकारी अड्डालाई लेखेको चिट्ठीभित्र घरवास्ताको कुरा लेखेको छ भनी कसैले पोल्यो वा शङ्का लाग्यो भने सो चिट्ठी पुर्‍याउन आउने वा पठाउनेको सामुन्ने खोल्नू र घरवास्ताको कुरा लेखेको रहेछ भने सो चिट्ठी पठाउने मानिसलाई फी-चिट्ठी १ को मोहरु ५। का दरले जरिवाना गर्नू भन्ने १६६३ साल कार्तिक २६ गते रोज ४ मा हुलाकलाई सवाल भै रहेको छ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो सवाल थाहा नभएर हो अथवा कैसे हो, व्यक्तिगत स्वार्थसिद्धिको चिट्ठीपत्र पनि काज सरकारी गरी आउन थालेकोले सवाल, नियम–विरुद्ध देखिन आएको हुँदा सबै सरकारी कर्मचारी अथवा गैर सरकारी जनतामा समेत बोध होस् भन्नानिमित्त यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

आज्ञाले,

प्रेमनरसिंह.

सेक्रटरी—पब्लिक वर्क्स तथा संचारमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

233

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।